त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
**योजना निर्देशनालय**
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं. १.२३२ फा.नं. ०७९/८० मिति: २०८०।१।३१

श्री क्याम्पस प्रमुख
सिद्धार्थ मल्टिपल कलेज
बाफल, काठमाडौं ।

**विषयः मानविकी तथा सामाजिकशास्त्र संकायको कार्यक्रम नवीकरण गरिएको बारे ।**

त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी हाल सञ्चालनमा रहेको त्यस कलेजले कार्यक्रम नवीकरणका लागि आवेदन गरेकोमा, त्रि.वि. कार्यकारी परिषद्को मिति २०७४।७।१३ गतेको निर्णय नं. १५४५ बमोजिम त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र संकायको प्राज्ञिक नियन्त्रणमा त्यस कलेजमा सञ्चालित कार्यक्रमहरु मिति २०७४।७।१३ देखि २ वर्षसम्मको लागि नवीकरण गर्ने निर्णय भएको व्यहोरा आवश्यक जानकारी तथा कार्यार्थ अनुरोध गर्दछु ।

(प्रा.डा. ध्रुव कुमार गौतम)
योजना निर्देशक

बोधार्थ तथा कार्यार्थः–

- श्रीमान् डीनज्यू, मानविकी तथा सामाजिकशास्त्र संकाय, त्रि.वि., कीर्तिपुर ।
- श्री परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खु ।
- श्री अनुगमन निर्देशनालय, त्रि.वि.,कीर्तिपुर ।
- श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर ।

फोनः ४३३०४३७, ४३३०४२१, फ्याक्स ९७७-१-४३३१९६४, E-mail: planning@tribhuvan-university.edu.np, P.O.Box No.: 8212

त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
**योजना निर्देशनालय**
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं. ६२६८ च.नं. ०८०।८१ मिति: २०८१।१।१८

उपकुलपतिको कार्यालय योजना निर्देशनालय,

श्री सिद्धार्थ बहुमुखी कलेज
बाफल, कालिमाटी
काठमाडौं ।

**विषय: व्यवस्थापन संकायको कार्यक्रम नवीकरण गरिएको बारे ।**

त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी हाल सञ्चालनमा रहेको त्यस कलेजले कार्यक्रम नवीकरणका लागि आवेदन गरेकोमा, त्रि.वि. कार्यकारी परिषद्को मिति २०८०।८।३० गतेको निर्णय नं. २४१६ बमोजिम त्रि.वि. व्यवस्थापन संकायको प्राज्ञिक नियन्त्रणमा त्यस कलेजमा सञ्चालित कार्यक्रमहरु मिति २०७५।१।४ देखि २०८३।३।३० सम्मको लागि नवीकरण गर्ने निर्णय भएको व्यहोरा आवश्यक जानकारी तथा कार्यार्थ अनुरोध गर्दछु ।

(प्रा.डा. ध्रुव कुमार गौतम)
योजना निर्देशक

बोधार्थ तथा कार्यार्थ:–

- श्री व्यवस्थापन संकाय, त्रि.वि., कीर्तिपुर ।
- श्री परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खु ।
- श्री अनुगमन निर्देशनालय, त्रि.वि.,कीर्तिपुर ।
- श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर ।

फोन: ४३३०४३७, ४३३०४२१, फ्याक्स ९७७-१-४३३१९६४, E-mail: planning@tribhuvan-university.edu.np, P.O.Box No.: 8212

# त्रिभुवन विश्वविद्यालय
## उपकुलपतिको कार्यालय
## योजना महाशाखा

कीर्तिपुर,
काठमाडौं, नेपाल ।


प.सं. २१५ फा. नं. (      ) यो. म. शा.                मिति:- २०६३।६।२५...............

श्री क्याम्पस प्रमुखज्यू/प्रिन्सिपलज्यू
सिद्धार्थ मल्टिपल कलेज
वाफल, कालिमाटी, काठमाडौं ।

विषयः <u>स्नातक तहमा बी.ए. कार्यक्रम संचालन गर्न स्वीकृति बारे ।</u>

त्यस क्याम्पस/कलेज/प्रस्तावित क्याम्पस/कलेजले मानविकि तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तहको बी.ए कार्यक्रम संचालन गर्नका लागि दिएको निवेदनमा कारवाही हुँदा मानविकि तथा सामाजिकशास्त्र संकाय अन्तर्गत उक्त क्याम्पसमा विद्यापरिषद्को सिफारिसमा निम्न शर्तहरू पालना गर्ने गरी मानविकि तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तहको बी.ए कार्यक्रममा अंग्रेजी, संस्कृति, गणित, पत्रकारिता र सामाजिक कार्य विषयहरुको कक्षा सञ्चालन गर्न यसै आ.व. २०६३।०६४ देखि पछि त्रि.वि. कार्यकारी परिषद्‌वाट अनुमोदन हुने गरी स्वीकृति दिने मिति २०६३।५।१९ को मन्त्रीस्तरीय निर्णयअनुसार कार्यक्रम सञ्चालन गर्न आवश्यक कार्यार्थ अनुरोध गर्दछु ।

<u>शर्तहरुः</u>

१. कलेज/क्याम्पसमा अध्ययनरत कूल विद्यार्थी संख्याको एक महिनाको शिक्षण शुल्क वरावरको रकम प्रत्येक वर्प सेवा शुल्कको रूपमा त्रि.वि.लाई बुझाउनु पर्नेछ ।
२. कलेज/क्याम्पस र त्रि.वि.को संयुक्त नाममा रू. ६ लाख ५० हजारको अक्षय कोप खोलेको हुनु पर्नेछ र सो रकम त्रि.वि.को स्वीकृति विना संचालन गर्न पाइने छैन तर सो रकमवाट प्राप्त व्याज क्याम्पसको शैक्षिक विकास कार्यको लागि खर्च गर्न पाइनेछ । खोलिएको अक्षय कोपको रसिदको फोटोकपी प्रमाणित गरि पेश गर्नु पर्नेछ ।
३. त्रि.वि.को शैक्षिक क्यालेण्डर अनुसार कार्यक्रम संचालन गर्नु पर्नेछ ।
४. त्रि.वि.ले निर्णय गरेको शुल्कहरू नियमानुसार नियमित रूपमा वुझाउनु पर्नेछ ।
५ प्रत्येक वर्ष नियमित रूपमा भर्ना भएका विद्यार्थीहरूको संख्या, विपय समेत खुल्ने गरी / शिक्षकहरूको विवरण र परीक्षा उत्तीर्ण गरेको विद्यार्थीको विवरण त्रि.वि. योजना महाशाखामा पठाउनु पर्नेछ ।
६. प्रत्येक वर्ष नियमित रूपमा क्याम्पसको वार्षिक प्रगति विवरण तथा आर्थिक विवरण त्रि.वि.योजना महाशाखा तथा त्रि.वि. अनुगमन समितिको कार्यालयमा पठाउनु पर्नेछ ।
७. कलेज/क्याम्पसको संचालन तोकिएको स्थानमा नै गर्नुपर्ने छ र यसको कुनै शाखा खोल्न पाइने छैन ।
८. कलेज/क्याम्पसको संचालन नियमावली अनिवार्य रूपले कक्षा संचालन गरेको एक महिनाभित्र त्रि.वि. योजना महाशाखा तथा अनुगमन समितिको कार्यालयमा पेश गर्नु पर्नेछ ।
९. त्रि.वि.ले तोकेको परीक्षा केन्द्रमा विद्यार्थीहरूलाई परीक्षामा सम्मिलित गराउनु पर्नेछ ।
१०. त्रि.वि. परीक्षाको लागि आवश्यक भएमा कलेज / क्याम्पसका भौतिक सुविधा प्रयोग गर्न दिनु पर्नेछ ।
११. त्रि.वि. को नियम विनियम पालना गर्नु पर्नेछ ।
१२. अन्य विश्वविद्यालयसँग सम्बन्धन लिई संचालन गरेको कार्यक्रम यसै आ.व.देखि खारेज गर्नु पर्नेछ ।
१३. त्रि.वि.वाट सम्वन्धन पाएको मितिले १ वर्षभित्र कार्यक्रम संचालन नगरेमा स्वीकृत प्राप्त कार्यक्रम स्वत: रद्द हुनेछ ।

*नोट : तोकिएका शर्तहरू पालना नगरिएमा क्याम्पसलाई प्रदान गरिएको अस्थायी सम्वन्धनको स्वीकृति स्थगन अथवा रद्द गरेमा हामी मन्जुर छौं*

(प्रा. प्रल्हादराज पन्त)
प्रमुख

उपरोक्त शर्तहरू पालना गर्नेछौं राजेन्द्र सिंह राणा

संचालक समितिको अध्यक्ष:-

क्याम्पस प्रमुख:-..............................

<u>बोधार्थ तथा कार्यार्थ:-</u>

- श्रीमान् डीनज्यू, मानविकि तथा सामाजिकशास्त्र संकाय, त्रि.वि., कीर्तिपुर ।
- श्री परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खु ।
- श्री अनुगमन समितिको कार्यालय, त्रि.वि.,कीर्तिपुर ।
- श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर ।
- श्री सूचना शाखा, त्रि.वि., कीर्तिपुर ।
- श्री निरीक्षण महाशाखा, त्रि.वि., कीर्तिपुर ।

# त्रिभुवन विश्वविद्यालय
## उपकुलपतिको कार्यालय
### योजना महाशाखा

कीर्तिपुर,
काठमाडौं, नेपाल ।

प.सं. १२५ ... फा. नं. (     ) यो. म. शा. ०६४/०६५   मितिः- ...२०६४।५।२०.........

श्री क्याम्पस प्रमुखज्यू/प्रिन्सिपलज्यू
सिद्धार्थ मल्टिपल कलेज
बाफल, काठमाडौं ।

विषयः स्नातक तहमा बी.बी.एस. कार्यक्रम संचालन गर्न स्वीकृति बारे ।

त्यस क्याम्पस/कलेज/प्रस्तावित क्याम्पस/कलेजले व्यवस्थापन संकाय अन्तर्गत स्नातक तहको बी.बी.एस. कार्यक्रम संचालन गर्नका लागि दिएको निवेदनमा कारवाही हुँदा व्यवस्थापन संकाय अन्तर्गत उक्त कलेजमा विद्यापरिषद्को सिफारिसमा निम्न शर्तहरू पालना गर्ने गरी व्यवस्थापन संकाय अन्तर्गत स्नातक तहको बी.बी.एस. कार्यक्रम आ.व. २०६४।०६५ देखि पछि त्रि.वि. कार्यकारी परिषद्बाट अनुमोदन हुने गरी स्वीकृति दिने त्रि.वि.को मिति २०६४।५।१९ गतेको निर्णयानुसार कार्यक्रम संचालन गर्न आवश्यक कार्यार्थ अनुरोध गर्दछु ।

**शर्तहरुः**

१. क्याम्पस/कलेजमा अध्ययनरत कूल विद्यार्थी संख्याको एक महिनाको शिक्षण शुल्क वरावरको रकम प्रत्येक वर्ष सेवा शुल्कको रूपमा त्रि.वि.लाई वुझाउनु पर्नेछ ।
२. क्याम्पस/कलेज र त्रि.वि.को संयुक्त नाममा रू. ६ लाख ५० हजारको अक्षय कोष खोलेको हुनु पर्नेछ र सो रकम त्रि.वि.को स्वीकृति विना संचालन गर्न पाइने छैन तर सो रकमबाट प्राप्त व्याज क्याम्पसको शैक्षिक विकास कार्यको लागि खर्च गर्न पाइनेछ । खोलिएको अक्षय कोषको रसिदको फोटोकपी प्रमाणित गरि पेश गर्नु पर्नेछ ।
३. त्रि.वि.को शैक्षिक क्यालेण्डर अनुसार कार्यक्रम संचालन गर्नु पर्नेछ ।
४. त्रि.वि.ले निर्णय गरेको शुल्कहरू नियमानुसार नियमित रूपमा वुझाउनु पर्नेछ ।
५ प्रत्येक वर्ष नियमित रूपमा भर्ना भएका विद्यार्थीहरूको संख्या, विषय समेत खुल्ने गरी शिक्षकहरूको विवरण र परीक्षा उत्तीर्ण गरेको विद्यार्थीको विवरण त्रि.वि. योजना महाशाखामा पठाउनु पर्नेछ ।
६. प्रत्येक वर्ष नियमित रूपमा क्याम्पसको वार्षिक प्रगति विवरण तथा आर्थिक विवरण त्रि.वि.योजना महाशाखा तथा त्रि.वि. अनुगमन समितिको कार्यालयमा पठाउनु पर्नेछ ।
७. क्याम्पस/कलेजको संचालन तोकिएको स्थानमा नै गर्नुपर्ने छ र यसको कुनै शाखा खोल्न पाइने छैन ।
८. क्याम्पस/कलेजको संचालन नियमावली अनिवार्य रूपले कक्षा संचालन गरेको एक महिनाभित्र त्रि.वि. योजना महाशाखा तथा अनुगमन समितिको कार्यालयमा पेश गर्नु पर्नेछ ।
९. त्रि.वि. परीक्षाको लागि आवश्यक भएमा क्याम्पस/कलेजका भौतिक सुविधा प्रयोग गर्न दिनु पर्नेछ ।
१०. त्रि.वि. को नियम विनियम पालना गर्नु पर्नेछ ।
११. अन्य विश्वविद्यालयसँग सम्वन्धन लिई संचालन गरेको कार्यक्रम यसै आ.व.देखि खारेज गर्नु पर्नेछ ।
१२. त्रि.वि.बाट संम्बन्धन पाएको मितिले १ वर्षभित्र कार्यक्रम संचालन नगरेमा स्वीकृत प्राप्त कार्यक्रम स्वतः रद्द हुनेछ ।
१३. त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरुले प्रयोगात्मक परीक्षा हुने विषय अध्यापन गर्ने भएमा सम्पूर्ण प्रयोगात्मक परीक्षा शुल्क क्याम्पस/कलेजले नै व्यहोर्नु पर्ने छ ।
१४. त्यस क्याम्पसका विद्यार्थीहरुको परीक्षा त्रि.वि.ले तोकेको क्याम्पसमा संचालन हुने छ ।

*नोट : तोकिएका शर्तहरू पालना नगरिएमा क्याम्पसलाई प्रदान गरिएको अस्थायी सम्वन्धनको स्वीकृति स्थगन अथवा रद्द गरेमा हामी मन्जूर छौं*

(प्रा. प्रल्हादराज पन्त)
प्रमुख

उपरोक्त शर्तहरू पालना गर्नेछौं

संचालक समितिको अध्यक्षः- ..................

क्याम्पस प्रमुखः- राजेन्द्र सिंह राणा
२०६४/५/२०

बोधार्थ तथा कार्यार्थ:-
- श्रीमान् डीनज्यू, व्यवस्थापन संकाय त्रि.वि., कीर्तिपुर ।
- श्री परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खु ।
- श्री अनुगमन समितिको कार्यालय, त्रि.वि.,कीर्तिपुर ।
- श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर ।
- श्री सूचना शाखा, त्रि.वि., कीर्तिपुर ।
- श्री निरीक्षण महाशाखा, त्रि.वि., कीर्तिपुर ।

# उच्च माध्यमिक शिक्षा परिषद्

सानोठिमी, भक्तपुर

नेपाल

सम्बन्धन संख्या: ४९३

मिति: २०५६/४/१६

# सम्बन्धन-पत्र

श्री सिद्धार्थ एकाडेमी उ. मा. वि. का. म. न. पा.-१४ कुलेश्वर, काठमाडौं लाई परिषद्को मिति २०५६/४/१६ को निर्णयानुसार उच्च माध्यमिक तहको कक्षा संचालन गर्न ३ वर्षका लागि अस्थायी सम्बन्धन प्रदान गरिएको छ । परिषद्को ऐन, नियम, विनियम तथा निर्देशनहरु पूर्ण रुपले पालना गरी शैक्षिक सत्र २०५६/०५७ देखि सुचारु रुपले कक्षा संचालन हुने छ भन्ने विश्वास यस परिषद्ले लिएको छ ।

(डा. उमाकान्त सिलवाल)
निर्देशक
सम्बन्धन तथा अनुगमन निर्देशनालय

(डा. तीर्थराज खनिया)
उपाध्यक्ष